# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 22 No 5 Monthly International Edition of Herald of His Coming May 2021

**वर्ष २२, अङ्क ५ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (जेठ, २०७७)**


# चीन, इरान र भारतमा परमेश्वरको काम

## Report of God's Work in China, Iran and India

May /June issue 2021

*(नोटः Heart cry for Revival Conference मा Sammy Tippitले चीन इरान र भारतका अगुवाहरू सँग लिनु भएको अन्तर्वार्ताको संक्षिप्त विवरण)*

**स्वामी टिप्पिट :** आज हाम्रो बिचमा परमेश्वरले विश्वव्यापी रूपमा गर्नु भएको कामहरू देख्दा मलाई आश्चर्य लाग्दछ। परमेश्वरले गर्नु भएको विशेष काम विशेष स्थानमा देख्न सकिन्छ। हाम्रा बीचमा यो सम्मेलनमा भाग लिन आउनु भएका विशेषको कुरा हो म आशा गर्दछु कि यी अगुवाहरूले बोलाका कुराहरूबाट तपाईंहरू पनि अशिक्षित हुनु हुनेछ। परमेश्वर तपाईहरू सँग साँच्चै विशेष प्रकारले बोल्नु हुनेछ।

म यहाँहरूको बिचमा यस्तो विशेष व्यक्तिको परिचय गराउन गइरहेको छु उहाँ Bob Fu हुनुहुन्छ। उहाँ चाइना एड (China Aid) को अध्यक्ष हुनु हुन्छ। उहाँ जीवनमा बस्नु हुन्छ। चीनमा तेयानअेन चोक के भयो त्यति बेला उहाँ प्रत्यक्षदर्शी हुनुहुन्छ। त्यतिबेला नै उहाँले खीष्टलाई चिन्नुभएको हो।

उहाँ चीनमा भएको भूमिगत मण्डलीको एउटा माग हुनुहुन्थ्यो। परमेश्वरले उहाँको जीवनमा एउटा महान काम गर्नु भएको छ वास्तवमा उहाँ एक महान व्यक्ति हुनुहुन्छ।

यस्तै हामीसँग अर्को एकजना साथी हुनुहुन्छ उहाँ ईशानमा सेवा गर्नु हुन्छ। उहाँको नाम माईक अन्सारी (Mike Ansan) हो। उहाँ Heart Hlran को अध्यक्ष हुनुहुन्छ। परमेश्वरले उहाँलाई त्यो देशमा अतिनै शक्तिशाली रूपमा प्रयोग गरिरहनुभएको छ। आज इरानमा के भइरहेको विश्वास गर्न गाह्रो छ। उहाँले त्यो कुरा हाम्रो बिचमा केही प्रकाश पार्नु हुनेछ।

यस्तै हामी बिचमा भारतको पंजाव प्रान्तका पास्टर Jolly Sidhu (जोलि सिद्धू) हुनुहुन्छ उहाँ भारतभरी उहाँ जोली उपनामले चिनीनु हुन्छ। म उहाँले धेरै वर्ष देखि चिन्दछु। परमेश्वरले उहाँको मण्डलीमा महान काम गर्नु भएको छ। परमेश्वरले उहाँद्वारा पंजाव प्रान्तका मानिसहरूको बिचमा ठूलो काम गरिरहनु भएको छ।

**स्वामी टिप्पिट :** बबः म सबैभन्दा पहिला तपाईबाट नै कुराकानी सुरु गर्न चाहन्छु। चीन देशमा परमेश्वरको कार्य कसरी भइरहेको छ, कृपया छोटकरीमा भन्नुहोस्-

**ब फूः** यो समय मलाई दिनु भएकोमा धेरै धेरै धन्यवाद दिन चाहन्छु। आज भारत र इरानका परमेश्वरका जनहरू सँग सँगै हुन पाउँदा मेरो लागि यो एउटा अवसर नै हो भन्ने चाहन्छु। म यहाँ संसारमा सबैभन्दा छिटो मण्डली स्थापना गर्ने देश कुन हो भन्ने कुराकानी गर्ने छैन। तर चीन देशमा अहिले के भइरहेको छ भन्ने छोटकरीमा केही बताउन चाहन्छु। विगत ७० वर्ष कम्युनिष्ट पार्टीको क्रुर शासनमा परमेश्वरले विश्वास गर्नै गाह्रो हुन्छ। परमेश्वरले आश्चर्यजनक रूपमा काम गरिरहनु भएको छ। १९४९ मा चीनमा कम्युनिष्ट पार्टीले शासन गर्नु भन्दा पहिले ईसाइहरूको संख्या लगभग १० लाख थियो। आज ७० वर्ष पछाडि

इसाइहरूको संख्या १३० करोड भन्दा बढि भएको छ यो संख्या Purdue University ले अनुसन्धान गरेर निकालेको आधिकारीक संख्या हो। यो संख्या १३० गुणाले बृद्धि हो। हामी सबैलाई थाहा छ कि चीनमा कम्युनिष्ट पार्टीको यस क्रुर सतावटलाई आज सम्म पनि रोकिएको छैन। यस्तो सतावटको बाबजुद पनि परमेश्वरले आफ्नो काम कसरी गरिरहनु भएको छ हेर्नुहोस् त ! परमेश्वरले धेरै महान र आश्चर्य पूर्ण कामहरू गरिरहनु भएको छ। चीनीया मण्डलीहरूको बिचमा पवित्र आत्माको काम उच्च छ। यहाँ क्षमा दिने लिने कुरा द्वारा प्रेमको प्रदर्शन हुन्छ।

**स्यामी टिप्पिट:** यो एकदमै सानदार छ बब, तपाईलाई धेरै धन्यवाद परमेश्वरले चीन देशमा गर्नुभएको काम र त्यो संख्या सुन्न पाउँदा धेरै खुशी लाग्यो। परमेश्वरको महिमा होस्। माइकसँग पनि त्यस्तै खुसी लाग्यो। परमेश्वरको महिमा होस्। माइकसँग पनि त्यस्तै मिल्दो जुल्दो अनुभव छ। माईक तपाईले यो समय लिनुहोस् र इसानका के हुँदैछ छोटकरीमा बताउनुहोस्।

**माइक अन्सारी :** तपाईले मलाई दिनुभएको समय र तपाईहरूले विश्वव्यापी रूपमा गर्नु भएको प्रार्थनाको लागि म तपाईलाई हृदय देखिनै धन्यवाद दिन चाहन्छु। हामीहरूले चीन, भारत र इरानमा परमेश्वरको आत्माले काम गरिरहनु भएको र येशूले आफ्नो मण्डली स्थापना र गरिरहनु भएको देखिरहेका छौं। इरान एउटा देश हो जहाँ हामीले इसाइ मतको ठूलो वृद्धि भएको देख्न सकिन्छ। यो कुरा याद गर्नुहोस्, इरान एक इस्लामी देश हो। Open doors International का अनुसार "इरान येशूका अनुयायी हुन अवैध मानिन्छ। यहाँका ९९ प्रतिशत जनसंख्या मुस्लिम धर्म भन्दछन् जोहरूलाई विश्वासीबन्न एकदमै अवैध मानिन्छ। यो देशमा बाइबल हातमा लिनुनै अवैध मानिन्छ। एकै साथ भेला भएर संगति गर्नु एकदमै अवैध छ घरेलु संगतिहरूमा पनि छापामारहरूलाई पठाइन्छ। इरानमा व्यवस्थित रूपमानै विश्वासीहरूमाथि सतावट गरिन्छ। इरानमा मोहवत (Mohabat) भन्ने टिभी उपग्रहबाट प्रसारहुन्छ। यस टि.भीको प्रसारण २४/७ (चौविसै घण्टा सातै दिन) हुन्छ। हामीले यो प्रसारणको लागि सयौं सेवाकाइहरूसँग सहकार्य गरेका छौं। यस्तै कति स्थानिय सेवाकाईसँग पनि हामीले हातेमालो गरेका छौं। इरानको सरकारले हाम्रो प्रसारण रोक्न ह्याक गर्न र रोक्न प्रयास गर्दछ। यो प्रसारण राम्रो सँग चलेको छ। यी सबै संकेतहरूले परमेश्वरले आफ्नोकाम गर्नुभएको छ भन्ने कुराहरू प्रमाणित गर्दछ। सतावटको वाबजुद पनि मण्डली वृद्धि भइरहेको छ।

२०१९ मा सुरु भएको कोभिड१९ पछिका दिन हरूमा इरानमा ठूलो जागृति आएको छ। प्रति महिना ३००-४०० मानिसहरूले आफ्नो हृदय परमेश्वरलाई दिएको कुरा हामीलाई फोन मार्फत बताउँथे। इरानभित्र बाटै धेरैले परमेश्वरलाई आफ्नो हृदय दिए।

२०२० मा जब महामारी सुरु भयो, हामीले हावाबाट सुसमाचार प्रचार गऱ्यौं। २०२० मा एउटा भर्चुअल चर्च सुरु गऱ्यौं। इरानमा कोभिड १९ ले ठूलो प्रभाव पाऱ्यो धेरै मानिसहरू मर्दै थिए। सरकारले लकडाउन ले ठूलो प्रभाव पाऱ्यो धेरै मानिसहरूले मर्दै थिए। सरकारले लकडाउन गऱ्यो र मानिसहरू घरभित्रै बस्न लागे। अब मानिसहरू सामाजिक संजालतिर मानिसहरूको ध्यान गयो। हाम्रो प्रसारणमा धेरै मानिस आउन थाले २०२० मा ५० हजार इरानी मुस्लिमहरूले हामी सँगै प्रार्थनामा सहभागी हुन सके। तिनीहरूले आफ्नो हृदय परमेश्वरलाई २०२०मै दिएका थिए। प्रभुमा प्रिय भाइ बहिनीहरू यो हाम्रो लागि परमेश्वरले दिनु भएको ठूलो अवसर हो भनी हामीले महसुस गरेका छौं।

बाइबलीय सत्यता भनेको जहाँ सतावट हुन्छ, त्यहाँ मण्डली वृद्धि हुन्छ हो। हामीले इरानमा ठ्याक्कै त्यस्तै देख्दैछौं। अहिले हामी इतिहासकै एउटा यस्तो घडीमा उभिएका छौं जहाँ धेरै मुस्लिमहरू मण्डलीमा चाहेका छन्। धेरैले येशूलाई ग्रहण गरेका छन् यस्तो कुरा इतिहासमा कहिलै पनि भएको थिएन। धेरै इष्लीक समुदायहरूले आफ्नो पुरानो विचार र कुरितीलाई त्यागेर खीष्टलाई ग्रहण गरेका छन्। यो परमेश्वर को काम हो। तिमीहरूले प्रेमलाई अंगालेका छन् नासरत को येशूतिर फर्केका छन्। अब ती नयाँ विश्वासीहरूको क्षमा र प्रेमको कुरा गर्न थालेका छन्। इरानमा परमेश्वरको प्रेम बाँड्नु खीष्टलाई ग्रहण गर्नु अवैध हो। अव घर घरमा उहाँलाई विश्वास गर्न मानिसहरू फेला पर्न थाले सरकारले नियन्त्रण गर्न एकदमै कठोर व्यवहार गरिरहेका छन्। अहिले मण्डली वृद्धि भएको देखेका छौं। अहिले प्रतिदिन ६००

देखि ७०० जनाले परमेश्वरलाई ग्रहण गरेका छन्। अहिले मुस्लिम हरूले यस्तो भन्न थालेका छन् "मलाई येशूको बारेमा अझै बताउनु होस्। यो समय मध्यपूर्वमा विशेष गरि इरानको लागि एउटा ऐतिहासिक समय हो। परमेश्वरलाई धन्यवाद।

प्रियहरू याद गर्नुहोस् इरान कोरोना भाइरसको विश्वकै केन्द्र विन्दु हो कोभिडको निरासाले धेरै मानिसहरूलाई खीष्टमा फर्काएर ल्याएको छ। धेरै जना निको भएका छन्। धेरै जनाले येशूमा उत्साह पाएका छन्। हाम्रो लागि यो सन्देश छ "मध्य पूर्वमा देखिएको मिडीयाको प्रयोग असल प्रयोग हुन सकोस्। प्रभु संसारले अब खीष्टको चस्मा लगाउन सकोस्। तपाईले मण्डली भवनहरू निर्माण गर्दै हुनुहुन्छ। तपाईं जीवित भएको हरेकले महसुस गर्न सकुन।

**स्यामी टिप्पिटः** आमिन, आमिन, कस्तो रमाइलो कुरा! माइक, तपाइ मेरो पुरानो साथी पनि हुनुहुन्छ। उहाँले मलाई भन्नु भयो। "स्यामी यदि दुइजना नयाँ सदस्यहरू मण्डलीमा थपिए भने ठूलो जागृति भयो भन्दथ्यौं। अहिले धेरै मानिसहरू प्रभुमा आएका छन्। यो कुरा थाहा पाउनु अतिनै उत्साह जनक कुरा हो। पास्टर र जोली म तपाईंलाई भारतको विषयमा केही कुराहरू सोध्न चाहन्छु, मलाई यो कुरा थाहा छ जब तपाईंले मण्डली स्थापना गर्नु भयो त्यति बेला मात्र ३० जना सदस्यहरू थिए अब भन्नुहोस् भारतमा तपाईको जीवनबाट परमेश्वरले कस्तो प्रकारले काम गरिरहनु भएको छ।

**जोलि सिध्दू :** धन्यवाद स्यामी, चीन र इरान देशका प्रभुका जनहरू बाट परमेश्वरको कार्य सुन्न पाउँदा म अतिनै कृतज्ञता व्यक्त गर्दछु। परमेश्वरले भारत देशमा पनि आफ्नो काम गरिरहनु भएको छ। भारतको उत्तरी भेगमा परमेश्वरले अचम्मको काम गरिरहनु भएको छ। यो क्षेत्रमा एकदशक अगाडि केही विश्वासी मात्र थिए। आज भन्दा २० वर्ष अगाडि मैले येशूखीष्टलाई ग्रहण गरेको थिए। सायदै मेरो परिवार (जाती)मा मनै पहिलो विश्वासी हुँ। तर मैले आज पंजावबाट उत्तरी भारत तिर हेर्दछु धेरै मानिसहरू प्रभुमा आएको देख्दछु। सयौं र सयौं मानिसहरूले खीष्टलाई स्वीकारेका छन्। कोभिग १९ को महामारीको बिचमा पनि धेरै मानिसहरूले प्रभुलाई ग्रहण गरेको देख्दैछु।

अहिले हामीले भारत देशमा र हाम्रो मण्डलीमा परमेश्वरको आत्मा मण्डलीलाई रहनु भएको देखेका छौं। २०१४ मा जब मैले पाष्टरको पदलाई समाते त्यति बेला ३० जना जति मानिसहरू थिए। त्यसपछि हामीले चेला निर्माण गर्न काम मा एकदमै जोड दियौं। अरुहरूलाई कसरी गवाही दिने, विरामीहरूको लागि कसरी प्रार्थना गर्ने जस्ता कुराहरू सिकाउन सुरु गरें। अनी परमेश्वरले हाम्रो विचमा अचम्मको काम गरेको महसुस गर्‍यौं। त्यसपछि हाम्रो मण्डली अचम्म प्रकारले वृद्धि भयो। अहिले हाम्रो मण्डलीमा एक हजार भन्दा धेरै सदस्यहरू छन्। केही दिन अगाडि मैले एकजना साथीसँग कुराकानी गरिरहेको थिए, उहाँले भन्नुभयो पंजाव केही समयपछि दक्षिण कोरिया जस्तै हुन लागेको छ। म विश्वास गर्दछु उत्तर भारतीहरूले पनि छिट्टै एकदमै छिट्टै परमेश्वरलाई स्विकार गर्नेछन्।"

"यसको साथै मेरा भाइहरूले हाम्रो बीचमा सतावट पनि त्यतिकै छ भनी भन्दछन्। भारतमा हाम्रो सरकार इसाइहरूको विरुद्धमा छ। विश्वासलाई अँगाल्न नपाउने कानुन पारित भएको छ। सरकारले हाम्रो विरुद्धमा विभिन्न अवरोधहरू खडा गरेको देखिरहेका छौं तर यी सबै अवरोधहरूको बाबजुद परमेश्वरले आफ्नो काम गरिरहनु भएको छ। अहिले मण्डलीमा आउने मानिसहरू खीष्टियन परिवारका होइनन्। तिनीहरू विश्वासी भए तिनीहरूको परिवारले असविकार गर्छन्। समाजले विश्वासीलाई स्वीकार गर्दैन, मेरो त्यस्तै अनुभव छ जब म विश्वासी भए मलाई पनि मेरो परिवारले घरमा बस्न दिएन र निकाली दियो। मेरो बुबाले भन्नुभएको थियो कि मैले त्यो परिवारमा लाज लाग्ने कुरा गरे।"

"मलाई लाग्छ सतावट जागृतिको वीऊ हो। मैले वर्षौदेखि के देखेको छु कि जब हामी सतावट भोग्छौं त्यति बेला मण्डलीको वृद्धि हुन्छ। केहि वर्ष अगाडि हाम्रो चर्चमा मुलतया तरिकाबद्ध प्रकारले आराधना थियो तर विगत केही वर्षपछि मैले मेरो मण्डलीमा एकदमै नयाँ तरिकाहरू देखिएको छ। हामीले मण्डली भवनमा भन्दा घरेलु संगति तिर ध्यान दियौं। यो कोशिका मण्डलीको तरिका हो। मैले सानो घरेलु संगतिमा धेरै मानिसहरूले प्रभुलाई ग्रहण गरेको देखेको छु। मलाई लाग्छ त्यो तरिकाबाट मण्डली अगाडि बढ्नु राम्रो हुन्छ होला। परमेश्वरले सानो कोषिका मण्डलीमा धेरै अचम्मको काम गर्नुभएको छ। म भारतको भविष्यको विषयमा धेरै

उत्साहित छु । मलाई ठिक समय अहिलेनै हो यो मध्यपूर्वको समय हो । यो समच चीनको हो यस्तै यो भारतको समय हो यस्तै यो समय मेरै आफ्नै राज्य पंजावको पनि हो यी सबै कुराको लागि परमेश्वरलाई धन्यवाद ।

**स्यामि टिप्पिटः** आमिन, यी तिन देशमा संसारको ४० प्रतिशत जनसंख्या छन् यो त एउटा प्रतिनिधिहरू देश मात्र हुन् ।

तपाईंहरू तिनै जनाले सतावटको बारेमा केहि कुराहरू जनाउनुभयो म तपाईहरूलाई एउटा प्रश्न सोध्नेछु । “सतावट र जागृतिको बिचमा के सम्बन्ध छ । संसारमै एकदमै छिटो बृद्धि भएका यी तीन मण्डलीहरू एकदमै सतावट भएका तपाईंबाट सुरु गर्न चाहन्छु । के इरान भएको सतावट र जागृतिको बिचमा केही सम्बन्ध छ ?

**माइक अन्सारी** : विल्कुल, हामीले महसुस गरिरहेका छौं कि, जहाँ सतावट हुन्छ, जहाँ विश्वास गर्नलाई मारिन्छ, अपहरण गरिन्छ, तिनीहरूलाई हामीले MBBS (मुस्लिम पृष्टभूमिबाट आएकाहरू जसले इसाई विश्वासलाई अँगालेका छन्) भन्दछौं । यस्ता भूमिगत चर्चहरू एकदमै छिटो वृद्धि भएका छन् । नाटकिय रूपमै मण्डलीहरू वृद्धि भएका छन् । सतावटको ईश्वरशास्त्र एक बाइबलिय ईश्वरशास्त्र हो । जुन एकदमै जीवित भएको छ । हामीले तीन क्षेत्रमा जोड दिएर भन्न सक्दछौं । मानिसहरूले यसलाई एकदमै राम्रोसँग बुझेका छन् त्यसलाई तिनीहरूले ठिकै मान्दछन् । पश्चिमी मुलुकमा भएका मण्डलीहरूले आस्वास्त वारेमा त्यति स्पष्टसँग नबुझेको हुन सक्छ तर म तपाईंलाई आस्वास्त पार्न खोज्दैछु कि हामीले तीन क्षेत्रमा सतावटको स्तरलाई देखेका छौं हामीले राम्रोसँग पढेका मात्र होइनौं तर जीवनमा अनुभव नै गरेका छौं । इरानमा भएको सतावटको बारेमा त म राम्रो सँग परिचित छु । सतावटले हाम्रो मण्डलीमा ठूलो जागृति ल्याएको छ ।

म तपाईंलाई छोटो उदाहरण दिन चाहन्छु, हामी सँग एकजना १९ वर्षिय जवान थिए । उनी कुर्दिश मानिस थिए उनले हामीलाई फोन गरे । ती युवकको नाम थियो उनले हामीलाई ख्रीष्टको बारेमा बुझ्नको लागि इरानको कुर्दिश पहाडमा बोलाए । हामी त्यहाँ गयौं र येशूको बारेमा बतायौं । उनी एक अशिक्षित व्यक्ति थिए, उनले हामीलाई सधैं जसो फोन गर्दथे र हामीले ख्रीष्टको बारेमा बताउँथ्यौ । हामीले लगभव छ महिना जति सँगै बाइबल पढ्यौं । यी सबैकुरा उसले फोनमा रिकर्ड गरेको रहेछ हामीलाई थाहै भएन । उसले त्यो हामीसँग गरेको बाइबल अध्ययन गरेको रहेछ हामीलाई थाहै भएन । उसले त्यो हामीसँग गरेको बाइबल अध्ययन लगेर अरु हरूलाई सुनाउँथ्यो । हामीले जब यो कुरा थाहा पायौं अब तिमी त्यहाँ सुनाउँथ्यौ । हामीले जब यो कुरा थाहा पायौं अब तिमी त्यहाँ नजाउ भनी सल्लाह दियौं । तर उनी सँधै मानिसहरूको बिचमा जान्थे नजाउ भाइ । यो तिम्रो लागि जोखिम हुन सक्दछ । हाम्रो कारणले तिम्रो जीवन जोखिममा पार्न चाहन्नौ । तर उनले भने “हेर्नुहोस्, येशूले के भन्दै हुन्छ मेरो शहरका हरेकले येशूको बारेमा सुन्नैपर्दछ । एकदिन हामीले उनीसँग फोनमा कुराकानी गरिरहेका थियौं, कुराकानी गरिरहेकै बेलामा उनको घरमा छापा माऱ्यो र उनको घरभित्र पसेर बेस्सरी पिरे । त्यतिबेला पनि तिमीहरूले रेकर्ड गरिएकै थियो ।

ती छापामारहरूलाई हाम्रो फोनमा रिकर्ड भएको थाहा भएन । लगभग २० मिनट पछि एकजनाले फोन उठाए र एकजना हामीसँग बोले मैले भने “तपाईले हदरलाई पिट्नु ठूलो गल्ती हो । कुराकानीकै क्रममा उनले भने अब उनले पिटाइमात्र होइन उनलाई हामी मारिदिन्छौं ।” लगभग छ वा सात महिना पछाडिको कुरा हो हादर को फोनबाट हामीलाई कल आयो हामीले तुरुन्त थाहा पायौं यो हादरको कल हो किनभने हाम्रोमा कलर ID थियो । हामीले डराउँदै फोन उठायौं र एकजना भद्र मानिस जो हादरका भान्जा थिए, उनले डराउँदै भने, “आज बिहान मेरो मामा हादरको मृत्युदण्ड भयो । यो खबर हामीलाई फोनबाट दिइएको हो । म तपाईंलाई पनि यो खबर दिन चाहन्छु । हामी त्यो ठाउँमा गयौं र उनको मृत लासलाई उठायौं ।”

“अहिले उनको घरमा ३०-४० जना गाउँका पाका मानिसहरू भेला भएका छन् र तिनीहरूले हामी ख्रीष्टलाई पछ्याउन चाहन्छौं, हाम्रो हृदय उहाँलाई दिन चाहन्छौं भनेका छन् । हाम्रो कल सेन्टरको व्यक्तिले उनीरुको लागि मुक्तिको प्रार्थना गरे । त्यसै समय त्यो गाउँका ३०-४० पाका मानिसहरूले आफ्नो जीवन ख्रीष्टलाई दिए । जहाँ सतावट हुन्छ, त्यहाँ जागृति आउँछ, मण्डली वृद्धि हुन्छ भन्ने विषयको यो एउटा ज्वलन्त उदाहरण हो । त्यो केवल अलौकिक तथ्य हो, बाइबलीय सत्यता ।

**स्यामि टिप्पिट** : आमिन, आमिन, बब अब म तपाईंसँग प्रश्न सोध्न चाहन्छु चीनमा के भइरहेछ, सतावट र

जागृतिको बिचमा के सम्बन्ध छ ? चीनमा परमेश्वरको आत्मा कसरी मण्डलाउनु भएको छ ?

**बब फू :** हाम्रा भाइ माइलले सतावट र जागृतिको बिचमा के सम्बन्ध भन्ने बारेमा राम्रोसँग व्याख्या गर्नुभयो । मैले खीष्टियन प्रतिरक्षा भन्ने विषयमा इतिहासको कालखण्डमा कसरी विश्वासीहरूले सतावटको सामना गरे भन्ने विषयमा लामो समयदेखि खोजपत्र नै बनाएको छु र त्यो पढाउने पनि गर्दछु । पावलले भने जस्तै- "खीष्ट येशूमा भक्ति साथ जीवन बिताउन इच्छा गर्नेहरू सबैजना सतावटमा पर्ने नै छन् ।" (२ तिमोथी ३ : १२) यो मेरो खोज कार्यको निष्कर्ष पनि हो । सतावट अपेक्षित छ, त्यो सामान्य कुरा हो । हाम्रो आत्मिक वृद्धि हुने कि नहुने भन्ने कुरा त हामीले सतावटको कसरी प्रतिक्रिया गर्दछौँ त्यो महत्वपूर्ण छ । हामीले यो याद राख्नु पर्दछ कि सबै सतावटले चर्चको वृद्धि भएको थिएन । अल्बानिया जस्ता पहिलेका सोभियत संढ्ढ देशहरूबाट रसियाले पनि आज हामीले चीन, इरान र भारतका अनुभव गरेको अनुभवको वृद्धि भएको थिएन । त्यसो भए मण्डलीले सतावटलाई कसरी लिन्छ ? चिनियाँ मण्डलीहरूले सिकेको पाठबाट मैले यो कुरा पत्ता लगाएँ कि, यदि मण्डलीले खीष्टको प्रभुत्वलाई स्वीकार गर्ने हो भने मण्डली वृद्धि हुन्छ । जब मण्डलीका सदस्यहरूलाई सताइन्छ, त्यो विवादले मण्डली वृद्धि हुन्छ कि हुँदैन ? जब तपाईले खीष्टलाई आफ्ना प्रभु र मण्डलीको प्रमुख भनी स्वीकार गर्दछ भने, कम्युनिस्ट पार्टीले होइन, सरकारले होइन, कुनै राज्य वा संस्थाको कुनै प्रमुखले होइन तर तपाई जब खीष्टको प्रभुत्व स्वीकार गर्नुहुन्छ त्यसैले मण्डलीको वृद्धि हुन्छ । त्यसकारणले मण्डलीले खीष्टलाई स्वीकार गरेर मात्र मण्डलीको वृद्धि हुन्छ । खीष्टलाई प्रभुत्व गर्न दिनुभयो भने जेल पनि सुसमाचार प्रचार केन्द्र र आराधना स्थल बन्न जान्छ । चीन देशमा यसलाई जेल ईश्वरशास्त्र भन्दछौँ ।

म मात्रै दुई महिना जेलमा परेको थिएँ । त्यो दुई महिनाको अन्तमा म बस्ने कोठा र अरु कोठाहरू आराधना स्थलमा सुरु भइसकेको थियो । हरेक बिहान जेलका व्यक्तिहरू मेरो पछि लाग्दथे । सबै मिलेर हामी प्रभुलाई धन्यवाद दिन्थ्यौं र प्रार्थना गर्दथ्यौं ।

यस वर्ष २०२१ को सुरुवातसँगै हुनान प्रान्तका एकजना भाइलाई सार्वजनिक चौरमा खुल्ला रूपमै सुसमाचार प्रचार गरेर मनाउने इच्छा भयो । त्यसपछि उनी बजारमा गए र धेरै मानिसहरूलाई सुसमाचार प्रचार गर्न थाले । उनीहरू प्रचारकै क्रममा पक्राउ परे र उनी दश दिनसम्म हिरासतमा रहे । तर अनुमान गर्नुहोसु के भएको होला ? उनलाई कुनै घृणा वा द्वेष वा गुनासो गरिएको थिएन, पुलिस स्टेसनमा पनि उनको अनुहारमा चमक थियो । त्यही ठाउँमा उनले सुरक्षाकर्मी र अधिकारीहरूलाई सुसमाचार सुनाइरहेका थिए । उनले १० दिन लगाएर जेलभित्र ईश्वरशास्त्र सिकाउने र परमेश्वरलाई प्रचार गर्ने वेदी बनाए । हामीले यहाँ परमेश्वरको इच्छालाई थाहा गर्‍यौं, उनले जेलका अधिकारीहरू र कैदीहरू धेरै जनालाई परमेश्वरकहाँ ल्याए । अब परमेश्वरले जेलभित्र नै जागृतिको आगो फुक्नु भयो ।

**स्यामि टिप्पिट :** आमिन, कस्तो अचम्मको कुरा, यो त एउटा सतावट मात्र होइन, यो सतावटलाई हामीले कसरी लिन्छौँ भन्ने कुरा हो । हो, उक्त घटनाबाट पश्चिमाहरूले पनि ठूलो पाठ सिक्नु पर्दछ र यस्तो मौका पाउँदा तुरुन्त अवसर छोपी हाल्नु पर्दछ । जोलि ! म तपाईंहरूलाई अलि फरक दिशातिर लैजान चाहन्छु । यही विषयमा तपाई के के विचार गर्नुहुन्छ किनभने तपाईंले चेलापनमा धेरै वर्ष सहभागी हुनुभएको छ । मलाई थाहा छ कि अहिले यहाँ अमेरिकामा भन्दा चेलापन भारतमा अति नै प्रभावकारी छ । मलाई लाग्दछ एउटा कारण भारतमा साना-साना झुण्डहरूमा चेलापन निर्माण गर्ने काम गरिन्छ । जस्तो येशूले भन्नुभएको छ, "… कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उनले आफूलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् ।" (मत्ती १६ : २४) येशू खीष्टलाई पछ्याउन मूल्य चुकाउनु पर्ने हुन्छ । तपाईंले मूल्य तिर्नुपर्ने हुन्छ । जोली, के तपाईंले यो कुरा आफ्नो जीवनमा भोग्नु भएको छ । जागृतिमा लगातार लाग्नको लागि मानिसहरूलाई तपाईंले कसरी उत्साह दिनुहुन्छ ?

**जोली सिद्धू :** जब मैले येशू खीष्टलाई ग्रहण गरो । पहिलो दिनमा नै मैले थाहा गरेँ कि म विश्वासी भएँ भने केही मूल्य तिर्नुपर्छ किनकि भारतमा खीष्टियनलाई तेस्रो दर्जाको धर्म भनेर चिनिन्थ्यो । मानिसहरूले गरिब मानिसहरूले मात्र यो धर्मलाई मान्दछन् किनकि तिनीहरूले विश्वासी भएको कारणले पैसा पाउँछन् । हामी धेरै कुरामा आरोप लगाइन्छौँ । जब कुनै मानिसले फरक पृष्ठभूमि

हिन्दुबाट, सिक्खबाट वा मुस्लिमबाट खीष्टलाई पछ्याउने कोशिस गर्दछ, तिनीहरूलाई थाहा हुन्छ कि तिनीहरूले यो आरोपको मूल्य तिर्नु पर्दछ । हाम्रो चेलापनको सिद्धान्तमा त्यसैमा आधारित छ । वास्तवमा हामीले हाम्रो मण्डलीलाई सतावटलाई जवाफ दिनको लागि तयार पार्दछौं । हरेक सदस्यले कुनै न कुनै प्रकारले यस्तो सतावट भोग्नु नै पर्दछ । उसलाई आफ्नो घरबाट बाहिर निकालिन सकिन्छ । तिनीहरूका परिवार र आफन्तले त्याग्न सक्छन् । येशूको विशेष अनौठो प्रेमले चेलापन निर्माण गर्दा हामीलाई सुरक्षा दिन्छ । त्यही नै उहाँको प्रेम प्रमाणित हुन्छ ।

पश्चिमा देशहरूमा, चेलापनलाई पाठ्यक्रमजस्तै सम्झिइन्छ । जहाँ तिनीहरूले चेलापनको पाठ्यक्रम ७ - १० क्रमैसँग सिक्दै जान्छन् । तर पूर्वीया देशहरूमा हाम्रो देशमा, चीनमा, इरानमा हामीले चेलापनलाई जीवन प्रणाली नै बनाउँछौं । जब बबलाई झ्यालखानामा हालियो त्यहाँ उनले मानिसहरूलाई अनुशासनमा राखेका थिए । उनले कस्तो मूल्य चुकाए अरु मानिसहरूले देखेका थिए । त्यस्तै तरिकाले मेरो मण्डलीमा पनि मलाई घरबाट पिटेर लखेटिएको, म मेरी आमाको मृत्यु संस्कारमा पनि भागल लिन नपाएको, मलाई मेरो पारिवारिक जमघटमा जान नदिएको, सबै कुरा मण्डलीले देखेको थियो । जो जीवनभरिको कुरा हो । एकजना मानिस तिनीहरूको मण्डलीमा उभिएको छ, त्यो म नै हो । हाम्रो संसारमा यस्तै घटनाहरू घटेका छन् । पास्टर, एल्डरहरू, डिकनहरू, विश्वासीहरूले धेरै नै कुरा पहिले नै त्याग गरेका हुन्छन् र मण्डली तिनीहरूको पाइलामा हिँडिरहेको हुन्छ । पावलले यसरी भनेका छन्, "मेरो अनुकरण गर्ने होओ, जसरी म खीष्टको अनुकरण गर्दछु ।" (१ कोरिन्थी ११ : १) चेलापन भनेको आफूभन्दा अगाडिको कुनै व्यक्तिको नक्कल गर्नु हो । भित्र स्यामि तपाईंलाई प्रेम गर्नु पर्ने एउटा कारण के भने हामीले तपाईंको भोगाईहरूलाई सुनेका छौं, तपाईंले आफ्नो जीवन गवाही दिँदा मानिसहरू विश्वासको खातिर कति दुःख भोगेका छन् । यी गवाहीका बादलरु हुन् जसले हाम्रो दौडमा अगाडि बढ्न हामीलाई सहायता दिनेछन् । बादलहरू हुन् जसले हाम्रो दौडमा अगाडि बढ्न हामीलाई सहायता दिनेछन् ।

**साम्मि टिप्पिट :** आमिन, आमिन, हामी अब यो विषयलाई अन्त गर्ने क्रममा परमेश्वरले संसारभरि कसरी काम गरिरहनु भएको छ देख्न सकिन्छ । हामी पश्चिमा विश्वासीहरूले तपाईंहरूसँग सिक्ने एउटा मुख्य कुरा के छ ?

बब फू : सतावट वा कमसे कम भेदभाव, हाम्रो विश्वासको आधारमा पहिले नै हाम्रो दैलोमा नै आइसकेका छन् । त्यसो भए चीनमा सताइएको मण्डलीको अनुभवबाट मैले सिक्नुपर्ने कुरा 'दृढ होओ' हो । खीष्टको प्रभुत्व सबै राजनैतिक शुद्धतामाथि प्रख्यात हुनुपर्दछ । हामी राजनीतिक उदारवादको नाममा यो नयाँ सांस्कृतिक क्रान्ति अनुभव गर्न जाँदैछौं । खीष्टलाई आदर गर्नुहोस्, जसले गर्दा तपाईं कहिले पछुताउन पर्ने छैन । तपाईंले आफ्नो जीवनमा सतावट वा भेदभाव जे भोगे तापनि तपाईं खीष्टको निम्ति हो भनी आनन्दित हुनुहुनेछ ।

**माइक अन्सारी :** इरान देशमा ईश्वरशास्त्र (बाइबल) को ठूलो खाँचा छ । दुर्भाग्यवश, बाइबल हुनु अवैध छ । यो बाधाको विपरीत पनि मण्डलीको वृद्धि भइरहेकै छ । हामीमा ईश्वरशास्त्रीय ज्ञानको भने एकदमै कम छ । मुस्लिमबाट आएका विश्वासीहरूको बिचमा परमेश्वरको वचन सिक्ने ठूलो चाहना मैले देखेको छु । इरानमा परमेश्वरको वचनको उपलब्धता पर्याप्त छैन । जसको हातमा परमेश्वरको वचन छ तिनीहरूले हातैले त्यसलाई लेख्छन् । तिनीहरूले त्यसलाई प्रतिलपि बनाउँछन् । तिनीहरूले एक अर्कालाई बोलाउँछन् । सँगै बसेर पढ्छन् र सामाजिक सञ्जाल मार्फत अरुहरूलाई पठाउँछन् । यसरी अरुहरूले परमेश्वरको वचनलाई पढ्दछन् । परमेश्वरको वचन जीवनको रोटी हो जसमा हामीलाई स्फूर्ति दिने र उत्साह दिने शक्ति छ । भक्तिको गहिराइको स्तर बिल्कुल आश्चर्यजनक छ । म यहाँहरूलाई उत्साह दिन चाहन्छु कि परमेश्वरको वचन जीवनको रोटी हो । जुन सत्य छ, र अन्तिम अधिकार पूर्ण छ । ईश्वरशास्त्र पुग्न सकोस् भनी इरान देशको लागि प्रार्थना गर्नुहोस् । यस्तै पश्चिम हाम्रा देशहरूमा परमेश्वरको वचन ठिक प्रकारले व्याख्या हुन सकोस् भनी प्रार्थना गर्नुहोस् । हरेकले परमेश्वरको वचन पढ्ने उत्कट चाहना होस् ।

**जोलि सिद्धू :** भारत, चीन र इरानका मण्डलीहरूबाट पश्चिममा मण्डलीहरूले के कुरा सिक्न सक्दछन् । प्रार्थनाको शक्ति र प्रार्थनामा निर्भरता तिनीहरूले सिक्नु पर्दछ । हाँगाको जस्तो सम्बन्धमा विकास हुँदै जान्छ । यसरी उनीहरूले प्रार्थनामा जोशिलो भएर अझै बढ्ता समय बिताउन सकुन् । म केवल बिरामीहरूका लागि र धार्मिकताको लागि मात्र प्रार्थना

गर्दिन, मैले समाजमा जागृति आओस् र हाम्रो समाज रूपान्तरण नै हुन सकोस् भनी म प्रार्थना गर्दछु। म विश्वास गर्दछु परमेश्वरले भविष्यमा महान् कार्य गर्नुहुनेछ। कृपया हाम्रो लागि प्रार्थना गरिदिनुहोस्। मलाई लाग्छ हाम्रो भूमिमा पनि परमेश्वरले महान् जागृति ल्याउनु हुनेछ।

**साम्मि टिप्पिट :** आमिन, भाइहरू तपाईंलाई धेरै धन्यवाद छ। आउनुहोस् हामी प्रार्थना गरौं, परमेश्वरले आफ्नो जागृति संसारभरि पठाउनु भएको होस्। हे पिता, यी तपाईंका प्रेमिला मानिसहरूको लागि धन्यवाद दिन चाहन्छु। तपाईंले यी सबैलाई कसरी प्रयोग गरिरहनु भएको छ। तपाईंले चीन, भारत, इरान देशहरूमा जे काम गर्नुभएको छ धेरै धन्यवाद। हे प्रभु ! हामी तपाईंलाई येशूको नाउँमा बिन्ति गर्दछौं। संसारभरि तपाईंको शक्ति, सामर्थ्य र राज्यलाई हामीले खोज्न सकौं। हे प्रभु हामी तपाईंलाई चाहन्छौं, हामी तपाईंलाई चाहन्छौं।

हामीलाई घृणा गर्ने, मन नपराउने र बेइज्जती गर्नेहरूको बिचमा हामी कसरी रहन सक्दछौं सिकाउनु होस्। हामीलाई पनि येशूजस्तै बनाउनुहोस्। हामीलाई तपाईंको पुनर्उत्थानको शक्तिमा र तपाईंका कष्टहरूमा सहभागी बनाउनुहोस्। हामी तपाईंको मृत्युको लागि उपयुक्त बनाउन चाहन्छौं।

हामी तपाईंको राज्य आओस् र तपाईंको इच्छा स्वर्गमा जस्तै यस पृथ्वीमा पनि पूरा होस् भनी हामी प्रार्थना गर्दछौं सुनी ग्रहण गर्नुहोस्। येशूको नाउँमा आमिन, आमिन।

# ख्रीष्ट येशूका आज्ञाहरू

**विश्वास सम्बन्धमा**

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

**नयाँ जन्मको सम्बन्धमा**

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

**पवित्र आत्मा पाउने सम्बन्धमा**

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

**येशूको पछि लाग्ने सम्बन्धमा**

- मलाई पच्छ्याउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

**प्रार्थना सम्बन्धमा**

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई ख्रीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com